# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

Phone: 9857836006
E-mail: mandavimun2073@gmail.com
Website: mandavimun.gov.np

पत्र संख्या:२०७९/८०

चलानी नं: ६०६

मिति: २०७९/१०/१५

श्री अध्यक्ष ज्यू

माण्डवी गाउपालिका सवै वडा कार्यालयहरु।

विषयःसिफारिस सम्वन्धमा।

उपरोक्त सम्वन्धमा माण्डवी गाउपालिकाको आ व २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ज्येष्ठ नागरिक स्याहारकर्तालाइ सम्मान कार्यक्रम अन्तर्गत प्रत्येक वडावाट ज्येष्ठ नागरिकलाइ स्याहार सुसार गर्ने उत्कृष्ट २ जना स्याहारकर्तालाइ सम्मान गर्ने कार्यक्रम रहेको हुँदा तपशिल वमोजिमका आधारमा उत्कृष्ट स्याहारकर्ता छनौट गरि सिफारिस गरिदिनुहुन साथै उक्त सम्मान कार्यक्रम वडा कार्यालयहरुले गर्ने ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सँगै गरिने भएकोले सोहि वमोजिम तयारी गर्नुहुन यसै पत्रसाथ अनुरोध छ ।

उत्कृष्ट ज्येष्ठ नागरिक संरक्षणकर्ता छनौटका आधारहरु ।

- माण्डवी गाउपालिकाको प्रत्येक वडावाट २ जना उत्कृष्ट ज्येष्ठ नागरिक संरक्षणकर्ता छनौट गर्ने ।
- छनौट गर्दा वडास्तरीय ज्येष्ठ नागरिक सञ्जालको समन्वय, सहयोग, सहभागिता र परामर्श लिनु पर्नेछ ।
- उत्कृष्ट ज्येष्ठ नागरिक संरक्षणकर्ता छनौट गर्दा ज्येष्ठ नागरिकको ज्येष्ठता र एकल ज्येष्ठ नागरिकलाई प्राथमिकता दिनुपर्नेछ ।
- संरक्षणकर्ताले निरन्तर रुपमा ज्येष्ठ नागरिकको स्याहार सुसार गरेको हुनुपर्नेछ ।
- संरक्षणकर्ता ज्येष्ठ नागरिकको आफ्नो छोरा, वुहारी, छोरी हुन सक्नेछन ।
- उत्कृष्ट संरक्षणकर्ताको रुपमा छनौट गर्दा ज्येष्ठ नागरिकको आफ्नो छोरा, वुहारी, छोरी मध्ये १ जनालाई छनौट गर्नु पर्नेछ ।
- उत्कृष्ट ज्येष्ठ नागरिक संरक्षणकर्ता छनौट गर्दा स्वयं ज्येष्ठ नागरिक सँग प्रत्यक्ष भेटघाट गरी ज्येष्ठ नागरिकको संरक्षणकर्ताप्रतिको सन्तुष्टी मापनको आधारमा गर्नुपर्नेछ ।

प्रकाश पाण्डे
प्रमुख प्रशासकिय अधिकृत

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत